Aasaman Nepal
✓Education
X Child Labor

# आसमान–नेपाल
# Aasaman - Nepal

Janakpurdham, Dhanusha

च. नं. ९६/०८८/०६९

श्री प्रमुख ज्यू
सिम्रौनगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा

मिति : २०७९/०३/२७

विषय : <u>विज्ञापन सम्वन्धमा</u>

उपरोक्त विषयमा **PIN** नेपालको प्राविधिक सहयोग तथा आसमाना नेपाल र सामाजिक संस्था जिल्ला समन्वय समितिको साझेदारीमा संचालित आरम्भ परियोजनाको लागि बारा जिल्लाको सिम्रौनगढ नगरपालिकाको लागि महिला सहजकर्ता आवश्यकता सम्बन्धि सूचना त्यहाँ कार्यालयको सूचना पाटिमा टाँस गर्नुको साथै नगरपालिकाको वेव साइट, Facebook Page मा Upload गरि सहयोग गरि दिनु हुन् हार्दिक अनुरोध छ। विज्ञापनको प्रतीलिपि यसै साथ संलग्न गरिएको छ।

सहयोगको लागि अग्रिम धन्यवाद्

राम सुरेश ठाकुर
परियोजना संयोजक
आरम्भ परियोजना, बारा

✓Education
✗ Child Labor

# सहजकर्ता आवश्यकता सम्बन्धी

## सूचना

प्रकाशन मिति: २०२२।०३।२७

आसमान नेपालद्धारा **UKAID girls education challenge** को आर्थिक सहयोग तथा पिपुल इन निड र सामजिक संस्था जिल्ला समन्वय समिति, पर्सा संगको साझेदारीमा आरम्भ परियोजना अन्तर्गत विद्यालय भन्दा बाहिर रहेका किशोरीहरुको लागि बारा जिल्लाको माहागढीमाई नगरपालिका र सिम्रौनगढ नगरपालिका को सबै वडामा साक्षरता कक्षा संचालन गर्नका लागि महिला सहजकर्ता आवश्यक परेको हुनाले योग्य र इच्छुक नेपाली उम्मेदवारबाट आवेदन पेश गर्नु हुन आव्हान गरीन्छ ।

आवश्यक संख्या :- केही

१ . भुमिका र जिमेम्वारी

- विद्यालय बाहिर रहेको विवाहित र अविवाहित किशोरीहरुको साक्षरता कक्षा संचालन गर्ने ।
- साक्षरता कक्षा संचालनको कममा सहभागीहरुलाई कुनै किसिमका विभेद नगरी समान व्यवहार गर्ने र आसमान नेपालको सुरक्षा निती अवलम्वन गर्ने ।
- दैनिक कार्य योजना, पाठ योजना तयार गरी साक्षरता कक्षा संचालन गर्ने ।
- कक्षा संग सम्बन्धित सम्पूर्ण अभिलेख सुरक्षित र व्यवस्थित राख्ने ।
- साक्षरता कक्षामा पहिचान भएका मुद्दाहरुलाई सामाजिक परिचालक, परियोजना अधिकृत तथा परियोजना संयोजक संग छलफल गर्ने ।
- साक्षरता कक्षाका सहभागीहरु किशोरीलाई विद्यालय भर्नाको निम्ति अभिभावकहरुलाई आवश्यक परामर्श दिन सहयोग गर्ने ।
- साक्षरता कक्षाका सहभागी किशोरीको नियमितताका लागि अभिभावक भेटघाट, परिवर्तनका सम्वाहक तथा किशोरी सिकाइ केन्द्र व्यवस्थापन समितिसंग छलफल तथा सहकार्य गर्ने ।
- परिवर्तनका सम्बाहकहरुबाट समुदाय स्तरमा गरिने विभिन्न जनचेतनामूलक कार्यक्रमहरुमा सहकार्य र सहयोग गर्ने ।
- किशोरी सिकाइकेन्द्र व्यवस्थापन तथा किशोरीको नियमितताका लागि स्थानीय वडा कार्यालय संग समन्वय तथा सहकार्य गर्ने ।
- जीवन उपयोगी सीपको लागी भावी योजना निर्माण गर्न र प्राप्त हुने आर्थिक सहयोगलाई योजना अनुरुप परिचालन गर्न परिवारको सदस्य र सहभागी बीच छलफल गर्ने ।
- मासिक वैठकमा सहजिकरण गर्ने र मासिक रुपमा आफ्नो प्रतिवेदन तयार गर्ने ।
- आवश्यक परेको समयमा संस्थाबाट दिईएको थप जिम्मेवारी वहन गर्ने ।

२. आवश्यक योग्यता र अनुभव

- स्थानीय तथा शिक्षण सम्बन्धी अनुभव भएकालाई विशेष ग्राहायता दिइने छ ।
- सफलताको कथा तथा प्रतिवेदन तयार पार्ने सक्ने ।
- संचार, सुचना प्रबिधी तथा सहजीकरणको सीप भएको तथा शुद्ध नेपाली बोल्न र लेख्न सक्ने ।
- उमेर १८ देखी ४० बर्षको महिला
- दलित तथा सिमान्तकृत समुदायको उम्मेदवारलाई विशेष ग्राहयता दिईने छ ।

३. शैक्षिक योग्यता

- दश जोड दुई वा सो सरह पास, स्नातक तह पास भएका लाई विशेष प्राथमिकता दिईनेछ ।

४. अवधि

- परियोजनाको आवश्यकता अनुसार कार्य अवधी बढीमा १० महिनाको हुनेछ ।

५. प्रोत्साहन तथा अन्य सुविधाहरु

- सेवा र सुविधा परियाजनाको नियम अनुसार हुनेछ ।

६. अन्य

- सहजकर्ताको भुमिका र जिम्मेवारी परियोजनाको आवश्यकता अनुसार थप्न सकिने छ ।

बुझाउनु पर्ने आवश्यक कागजातहरु: बायो डाटा, निवेदन, नागरिकताको प्रतिलिपि र शैक्षिक योग्यताको प्रतिलिपि

दरखास्त दिने अन्तिम मिति : २०२२।०४।२ गते सम्म

दर्खास्तका लागि सम्पर्क व्यक्ति : राम प्रवेश प्रसाद यादव

सम्पर्क नं: ९८४५२६०७४१

वा आसमान नेपालको कार्यालय, कलैया, मोतिबाग, बारामा दरखास्त दिन सकिने छ ।